कैलारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हसुलिया, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्याः २०८०/०८१ (सासु तथा पञ्जीकरण) मितिः २०८०/१२/३०

चलानी नं. ने.सं. ११४४ चौलाथ्व, ४ शुक्रबार

## व्यक्तिगत घटना दर्ता सम्बन्धी सूचना

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ३६१ मिति २०८०/१२/२३ गतेको पत्रानुसार मिति २०८१ बैशाख १ देखि ७ गतेसम्म देशैभरी व्यक्तिगत घटनादर्ता सप्ताह संचालन हुन गइरहेकोले यस कैलारी गाउँपालिकाका सम्पूर्ण वडाहरुबाट व्यक्तिको कानूनी पहिचान र राज्यबाट प्रवाह हुने सेवा सुविधा प्राप्तिका लागि जन्म, मृत्यु, विवाह, बसाइसराइ तथा सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु दर्ता गर्न छुटेका सेवाग्राहीहरुले आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालय (स्थानीय पञ्जीकाधिकारीको कार्यालय) मा गई अनिवार्य रुपमा दर्ता गरौं, गराऔं।

### व्यक्तिगत घटना दर्ता किन गर्ने ?

- बालबालिकालाई विद्यालय भर्ना गर्न
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
- नागरिकता राष्ट्रिय परिचयपत्र राहदानी र नाबालक परिचयपत्र बनाउन
- बैंकमा खाता खोल्न र
- राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि।

***व्यक्तिगत घटना दर्ता गराउनु सबै नागरिकको कर्तव्य हो।***

नभुल्नुहोस् है,
व्यक्तिगत घटना दर्ता सप्ताह,
यही मिति २०८१ बैशाख १ देखि ७ गते सम्म संचालन हुनेछ।

"व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरौं/गराऔं।
जिम्मेवार नागरिकको परिचय दिई घटना दर्ता सप्ताह सफल पारौं।"

*थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय (स्थानीय पञ्जीकाधिकारीको कार्यालय) तथा कैलारी गाउँपालिकको सा.सु. तथा पञ्जीकरण शाखामा सम्पर्क गर्न सक्नुहुनेछ।*

**लक्ष्मी दत्त भत्त**
**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखाः सूचना वेभसाइट र फेसबुक पेजमा अपलोड गरिदिन हुन।